# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव

स्नातकोत्तर तह (एम एड) द्वितीय वर्ष शैक्षिक योजना तथा व्यवस्थापन
विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि
शैक्षिक योजना तथा व्यवस्थापन
विभागमा प्रस्तुत

शोध पत्र


शोधार्थी

इन्द्रबहादुर थापा

त्रि. वि. दर्ता नं. १२९१३-८८

परीक्षा रोल. नं. २१४०१००

क्याम्पस रोल नं. १५६ (२०६४/२०६५)

शै. स. २०६४-२०६६



प्रस्तुतः

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्


माघ, २०६८

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोश्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूर्ति गर्नका लागि प्रस्तुत शोधपत्र "**विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव**" शीर्षक अन्तर्गत तयार गरिएको हो ।

विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव विषयक शोधपत्रमा विभिन्न व्यक्तिहरुसँग सहयोग प्राप्त गरेको छु । यो शोधपत्र तयार गर्ने क्रममा सुकुना बहुमुखी क्याम्पसका सहायक प्राध्यापक श्री खगेन्द्रप्रसाद लुइटेल, सहायक प्राध्यापक श्री भोजराज घिमिरे, तथा सहायक प्राध्यापक श्री गणेश दाहालज्यूबाट पर्याप्त राय सुझाव पाएको छु । यो शोध प्रस्ताव स्वीकृत गरी स्वयम् शोध निर्देशकको रुपमा उपप्राध्यापक श्री लक्ष्मी कुमार श्रेष्ठप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा सन्दर्भ सूचीमा वर्णीत कृतिका लेखक, सम्पादक तथा प्रकाशकलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनलाई अगाडि बढाउन आवश्यक सूचना तथ्याङक उपलब्ध गराई सहयोग गराउनु हुने बाहुनी स्रोत केन्द्र अन्तर्गतका सम्बन्धित विद्यालयका प्र. अ., शिक्षक, वि. व्य. स.का पदाधिकारीहरु, अभिभावक सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यसैगरी शोधपत्र तयारीको क्रममा निरन्तर समय उपलब्ध गराई आवश्यक वातावरण मिलाई दिने मेरा बुवा हर्कबहादुर थापा र आमा दिलमाया थापा, धर्मपत्नी विष्णु थापा, छोराहरु अर्पण र अभिशेक तथा छोरी पेरीसा थापालाई विशेष धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र कम्प्यूटर टाइपमा रामकुमार श्रेष्ठको सहयोगको उच्च मूल्याङकन गर्दै भाषिक शुद्धिकरणमा विशेष ध्यान दिई सहयोग पुऱ्याई दिनुहुने शिक्षक धर्मराज थापा र जानुका कोइरालालाई पनि धन्यवाद दिन चाहन्छु ।



शोधार्थी

इन्द्रबहादुर थापा

एम एड दोश्रो वर्ष

# शोधसार

"विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव" शीर्षकमा गरिएको यस अनुसन्धान कार्यको मुख्य उद्देश्य विद्यालयमा समाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा पारेको प्रभावको विश्लेषण गर्नु रहेको छ।

यस अध्ययनको सैद्धान्तिक खाका नियन्त्रणको सिद्धान्त, सर्वमान्य लेखाविधिको सिद्धान्त र शिक्षा प्रशासनको सिद्धान्तमा आधारित छ। यस अध्ययनलाई अगाडि बढाउन गुणात्मक र परिमाणात्मक ढाँचाको अवलम्बन गरिएको छ। सम्भाव्यतामा आधारित नमूना छनौट विधिद्वारा प्राथमिक र द्वितीय स्रोतको माध्यमवाट तथ्याङ्क सङ्कलन गर्ने काम भएको छ। अध्ययनको क्रममा मोरङ जिल्लाको बाहुनी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये सम्भाव्यतामा आधारित नमुना छनौट गरी ती विद्यालयमा कार्यरत प्र. अ., वि. व्य. सं अध्यक्ष शिक्षक र अभिभावक छनौट गरी आवश्यक तथ्याङ्क तथा सूचना, सङ्कलन गर्नका लागि प्रश्नावली, अन्तर्वार्ता र दस्तावेज अध्ययन जस्ता अनुसन्धानका साधनहरुको प्रयोग गरी आवश्यक जानकारी सूचना र तथ्याङ्क लिइएको छ।

सामाजिक परीक्षणको बारेमा विद्यालय व्यवस्थापन समिति र प्र. अ.बीच सामान्य जानकारी रहेको पाइएको छ। त्यसमा पनि सामाजिक परीक्षणको बारेमा तालिम गोष्ठीमा भाग लिएका व्यक्तिहरु पाइएनन्। सामाजिक परीक्षणलाई कतिपय व्यक्तिहरुले लेखा परीक्षणका रुपमा मात्र बुझेको पाइयो भने अभिभावकहरु तथा वि. व्य. स. सं का अधिकांश सदस्यहरुले सामाजिक परीक्षणको बारेमा राम्रो जानकारी नै नभएको पाइयो। सामाजिक परीक्षणको बारेमा बुझेका व्यक्तिहरुले पनि यसलाई भञ्झटिलो र बोझका रुपमा मात्र लिएको पाइयो। धेरै जसो विद्यालयहरुमा सामाजिक परीक्षण समितिले समाजिक परीक्षण गरेपश्चात अभिभावक भेला गराई सुनाउने गरेको छ भने केही विद्यालयहरुले वि. व्य. स. मा मात्र प्रस्तुत गर्ने गरेको पाइयो। सामाजिक परीक्षण विद्यालयमा भयो कि भएन भन्ने वारेमा माथिल्लो तहबाट पनि खोजी नभएको हुँदा यसको प्रभावकारी कार्यान्वयन नभएको देखिन्छ।

सामाजिक परीक्षण विद्यालयको हितका लागि गरिने भएको हुँदा विद्यालयका सरोकारवालाहरुको तालिम र गोष्ठीद्वारा क्षमता वृद्धि गर्नुपर्दछ। यसका लागि समस्या समाधान गर्न केन्द्रीय निकायबाट प्रत्यक्ष अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्दछ। विद्यालयमा शिक्षक अभिभावक सङ्घको भूमिकालाई क्रियाशील बनाई सामाजिक परीक्षणसँग सम्बन्धित तालिम गोष्ठिको व्यवस्था गरी क्षमता वृद्धि गर्नु पर्दछ। विद्यालयको वार्षिक कार्यक्रम निर्माण, कार्यान्वयन र उपलब्धि मूल्याङकनमा बढीभन्दा बढी सरोकारवालालाई संलग्न गराउनु पर्दछ। विद्यालयको आम्दानी तथा खर्चको विवरणलाई प्र. अ. ले तालिका चार्ट बनाई पारदर्शी ढंगले देख्ने गरि राख्नुपर्दछ। प्रधानध्यापकले समुदायसँग सुमधुर सम्बन्ध कायम गर्दै विद्यालय हाम्रो हो भन्ने भावनाको विकास गरी विद्यालयको चौतर्फी विकासमा लाग्नुपर्दछ।

# विषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता | III |
| शोधसार | IV |
| विषय सूची | VI |
| तालिका सूची | X |
| चित्र सूची | X |
| सङ्क्षिप्त शब्दावली | XI |


## परिच्छेद एक : परिचय


| | |
|---|---|
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ७ |
| १.३. अध्ययनको औचित्य | ९ |
| १.४. अध्ययनको उद्देश्य | १० |
| १.५. अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६. अध्ययनको परिसीमा | ११ |
| १.७. शब्दावलीको परिभाषा | ११ |


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

२.१. सम्बन्धित साहित्यको पुनरावलोकन १२

२.२. अध्ययनको सैद्धान्तिक खाका १८

२.३. पुनरावलोकन उपादेयता २०

## परिच्छेद तीन : अध्ययन विधि

३.१. अनुसन्धानात्मक ढा"चा २२

३.२. जनसंख्या २२

३.३. नमूना छनौट प्रकृया र नमूनाको आकार २२

३.४. नमूना छनौटको आधार २३

३.५. अनुसन्धानका साधनहरु २३

३.६. तथ्याङ्काका स्रोतहरु २३

३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया २४

३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया २४

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१. विद्यालयमा सामजिक परीक्षणको अवस्था २५

४.३.१. ससामाजिक परीक्षणको राष्ट्रिय अवस्था २६

४.३.२. ंविद्यालयमा सामाजिक परीक्षण २८

४.३.३. ंविद्यालयहरुको खर्चको विवरण ३१

४.३.४. ंविद्यालयहरुको भौतिक अवस्था ३३

४.३.५. ंविद्यालयहरुको शैक्षिक तथा मानवीय अवस्था ३४

४.२. विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव ३६

४.२.१. आर्थिक क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव ३६

४.२.२. भौतिक क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव ३८

४.२.३. मानवीय तथा शैक्षिक जनशक्तिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव ४०

४.२.४. शैक्षिक उपलब्धिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव ४१

४.३. विद्यालयमा सामाजिक परीक्षणका समस्याहरु ४३

४.३.१. विद्यालयमा सामाजिक परीक्षण सम्बन्धि जानकारी ४३

४.३.२. सम्बन्धित निकायको अनुगमन ४४

४.४. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरुः ४५

## परिच्छेद पा"च : प्राप्ति, निष्कर्ष तथा सुझाव

५.१. प्राप्ति ४७

५.२. निष्कर्ष ४८

५.३. सुझावहरु ४९

## सन्दर्भ ग्रन्थसूची

अनुसूची १ XIII

अनुसूची २ XIV

अनुसूची ३ XV

अनुसूची ४ XVI

अनुसूची ५ XVII

अनुसूची ६ XVIII

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | विद्यालय अनुदान एवम् सामाजिक परीक्षण | २६ |
| २ | विद्यालयमा दिइने अनुदानका आकार | २७ |
| ३ | विद्यालयहरुको वार्षिक आम्दानी विवरण | २९ |
| ४ | विद्यालयहरुको खर्चको विवरण | ३१ |
| ५ | विद्यालयहरुको भौतिक स्थितिको विवरण | ३३ |
| ६ | विद्यालयको शैक्षिक तथा मानवीय अवस्था | ३५ |
| ७ | भौतिक क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव | ३९ |
| ८ | मानवीय क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव | ४० |
| ९ | विद्यालयको शैक्षिक उपलब्धिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव | ४२ |
| १० | समस्या समाधानका उपायहरु | ४५ |

| चित्र नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| 1 | विद्यालयहरुको वार्षिक आम्दानीको विवरण | ३० |
| 2 | विद्यालयहरुको खर्चको विवरण | ३२ |
| 3 | सामाजिक परीक्षण सम्बन्धी धारणा | ४३ |

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| गा. वि. स. | गाउँ विकास समिति |
| जि. वि. स. | जिल्ला विकास समिति |
| प्र. अ. | प्रधान अध्यापक |
| वि. व्य. स. | विद्यालय व्यवस्थापन समिति |
| शि. अ. सं | शिक्षक अभिभावक संघ |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| नि. मा. वि. | निम्न माध्यमिक विद्यालय |
| मा. वि. | माध्यमिक विद्यालय |
| उ. मा. वि. | उच्च माध्यमिक विद्यालय |
| वि. सं. | विक्रम सम्वत |
| म. ले.प. | महालेखा परीक्षक |
| ले. प. | लेखा परीक्षण |
| त. भ. | तलब भत्ता |
| पा. पु. | पाठ्य पुस्तक |
| क. सं. को. | कर्मचारी संञ्चय कोष |
| जि. शि. का. | जिल्ला शिक्षा कार्यालय |
| क्र. सं. | क्रम संख्या |
| रो नं. | रोल नम्बर |
| शै. स. | शैक्षिक सत्र |
| सा. प | सामाजिक परीक्षण |
| रा. शि. प. यो | राष्ट्रिय शिक्षा पद्दती योजना |
| त्रि. वि. | त्रिभुवन विश्वविद्यालय |
| PTA | Parent Teacher Association |